हिमाली सुस्केरा
साप्ताहिक

वर्ष : १९, अङ्क : २१, २०७७ फागुन १६ गते आइतवार (28 Feb. 2021), मूल्य रु. २०।-



पार्टी एक राख्नु रहर मात्र होइन आजको आवश्यक्ता हो । एकता भएर नेपाल मात्र होइन विश्वको सफल बनेको नेकपा फुटिसकेको नभए पनि स्पष्ट २ धार मा ध्रुविकरण भएको छ । यसलाई एक बनाइ राख्न सफल होलान वामदेव ?

बढुवा विज्ञापनको २ वर्षमा पनि नजिता आएन

सुस्केरा समाचारदाता

डोल्पा, फागुन - शिक्षक सेवा आयो गले २ वर्ष अघि २०७५ सालमा खो लेको बढुवा विज्ञापनको नतिजा अझै प्रकाशन भएको छैन ।

निकट भविश्यमा ठुलो संख्यामा आन्तरिक बढुवा र खुला प्रतियोगित(ात्मक विज्ञापन खोल्ने अन्तिम तयारी हुन्जेलसम्म २ वर्ष अघि खोलिएको प्राथमिक तह द्वितीय तहमा फाईल बढुवाको विज्ञापनको नतिजा शिक्षक सेवा आयोगले अझै प्रकाशन गरेको छैन ।

शिक्षकहरुको आन्तरिक बढुवा प्रक्रिया अनुसार तृतीय श्रेणीबाट आन्तरिक फाइल बढुवा र आन्तरिक प्रतियोगित(ाबाट बढुवा हुने गरेको छ । त्यस बमो जिम शिक्षक सेवा आयोगले २०७५ सालमा आन्तरिक बढुवा विज्ञापन गरेको थियो । उक्त विज्ञापनबाट खो लिएका सबै तह र श्रेणीका विज्ञाप(नको नतिजा आई नियुक्ति भैसकेका छन् ।

तर प्राथमिक तहको द्वितीय श्रेणीमा बढुवाका लागि डोल्पा जिल्ला भित्रका लागि ८ सिट आन्तरिक फाइल बढुवाको विज्ञापन भएको थियो । उक्त विज्ञापनको नतिजा हालसम्म पनि आएको छैन । जस विज्ञापन अनुसार ३९ जना तृतीय श्रेणीका शिक्षकहरुले फाइल बढुवाका लागि दरखास्त पेश

.... .पेज नं. ८ मा

स्नातक तह तेस्रो वर्षको परीक्षा

सुस्केरा समाचारदाता

डोल्पा, फागुन - त्रिभुवन विश्वविद्य(ालय अन्तर्गतका स्नातक तह तेस्रो वर्षको परीक्षा आजबाट सुरु भएको छ ।

त्रिभुवन विश्वविद्यालयका आंगीक र सम्बन्धन प्राप्त क्याम्पसहरुमा पढाई हुने तेस्रो र चौथो वर्षे स्नातक तह तेस्रो वर्षको परीक्षा आजबाट सुरु भएको डोल्पो क्याम्पस डोल्पाले जनाएको छ ।

दिउसो साढे १२ बजेबाट सुरु भएको स्नातक तह चार वर्षे र ३ वषे ं कार्यक्रमको तेस्रो वर्षका विभिन्न विषयको परीक्षा अनुशासित, शान्त र मर्यादित रुपमा परीक्षा चलेको डोल्पो क्याम्पसले जानकारी दिएको छ ।

पहिलो दिन ३८ जनाले पाठ्यक्रम र मूल्याङ्कन, १ जनाले साहित्यशास्त्र, नेपाली समालोचना र शोधविधि र १ जनाले स्पोर्ट ट्रेनिङ र मूल्याङकन् विषयको गरी जम्मा ४० जनाले पर

.... .पेज नं. ८ मा

म्याद सकिएका सामान नस्ट

मेनुका बुढा

डोल्पा, फागुन - जिल्ला प्रशासन कार्यालयको नेतृत्वमा आज बजार अनुगमनमा निरिक्षण गरिएको छ । दुनै बजार अनुगमन गरि म्याद सकिएका सामानहरु जफत गरेर नष्ट गरिएको जिल्ला प्रशासन कार्यालय डोल्पाले जनाएको छ ।

दुनै बजारको विभिन्न पसलहरुबाट आज म्याद सकिएका चाउचाउ ८ पेटि ,दलमोट २२ प्याकेट ,बेसार ३४ प्याकेट ,ललिपप २५ दर्जण ,फेन्टा ६४ वटा ,धुलो खुर्सानि ८ पिस ,स्प्राइट ९ वटा ,कोक २ वटा ,मसला १० प्याक ,सेन्टर फ्रुट ३३ वट्टा ,आलुचिप्स १ सय ९१ पिस ,ललिपप ठुला १४ बट्टा ,मिठाई १० बट्टा ,कोकोनट बिस्कुट ५ काटुन, लिचिजुस १२ दर्जण ,टेष्टि बिस्कुट २० प्याकेट ,ए वि सि चाउचाउ ९ काटुन ,शक्ति तेल ४ लिटर, म्याङ्गो चक्लेट

.... .पेज नं. ८ मा

रुखले च्यापेर जनप्रतिनिधिको मृत्यु

सुस्केरा समाचारदाता

डोल्पा, फागुन - भेडा चराउन वनमा गएको बेला जगदुल्ला गाउँपालिकाकी एक महिला वडा सदस्यको एक्कासि आएको हावाहुरिका कारण ढलेको रुखले च्यापेर मृत्यु भएको छ ।

स्थानीय तह निर्वाचनमा जगदुल्ला गाउँपालिका वडा नं. ३ को महिला सदस्यमा निर्वाचित महिला वडा सदस्य ३९ वर्षीय बुद्धिरुपा वि.क. उक्त वडामा पर्ने गैरीनेटा गोठ नजिक वनमा भेडा चराउन गएको बेला एक्कासी चलेको हावाहुरीको कारण रुख ढल्दा रुखले च्यापिएर घाइते भएकी र उपचारका क्रममा अस्पताल लिने क्रममा बाटोमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय डोल्पाका प्रहरी नायव उपरिक्षक राजु पाण्डेले बताउनु भएको छ ।

.... .पेज नं. ८ मा

विद्यालयलाई कम्प्युटर वितरण

सुस्केरा समाचारदाता

डोल्पा, फाल्गुण - मुड्केचुला गाँउप(ालिका भित्रका १३ विद्यालयहरुलाई कम्प्युटर वितरण गरिएको छ । गाउ(ँपालिकाले उपलब्ध गराएको २० वटा कम्प्युटरहरु कालिका साधारण तथा प्राविधिक माध्यमिक विद्यालयले जडान गरी संचालनमा ल्याएको छ ।

मालिका माध्यमिक विद्यालय नर्कु, अन्नपूर्ण माध्यमिक विद्यालय सर्मी, कालिका साधारण तथा प्राविधिक माध्यमिक विद्यालय कालिका, सुयो ं दय आधरभुत विद्यालय भोटगाउँ, रारा आधारभुत विद्यालय ओक्ट, भैरव आधारभुत विद्यालय प्रतापटो ल, नवज्योति आधारभुत विद्यालय औ ल, भानु आधारभुत विद्यालय इल, चन्द्रनाथ आधारभुत विद्यालय होर्त, डाँफे आधारभुत विद्यालय सुर गरेर १३ सामुदायिक विद्यालयहरुलाई कम्पूटर वितरण गरिएको हो ।

माध्यमिक विद्यालय ३ वटालाई प्रति विद्यालय २० वटा कम्प्युटर आधारभुत तह कक्षा ८ चलेका ३ विद्यालयलाई प्रति विद्यालय १० कम्प्युट र आधारभुत

.... .पेज नं. ८ मा

जलविधुत आयोजनाको विधुत उत्पादन परीक्षण तयारी

सुस्केरा समाचारदाता

बेनी, फागुन - म्यार्दीको अन्नपूर्ण गाउँपालिका-४, नारच्याङमा निर्माणाधीन ४२ मेगावाट क्षमताको मिष्ट्रि खोला जलविद्युत् आयोजना निर्माणको काम अन्तिम चरणमा पुगेको छ । आयोजना निर्माणसँगै उत्पादन परीक्षणको तयारी भएको छ ।

माउन्टेन इनर्जी प्रालि नेपालले निर्माण गरी रहेको आयोजनाको ९९ प्रतिशतभन्दा बढी पूर्वाधार निर्माणको काम सकिएको आयोजनाले जनाएको छ । सुरुङ तथा पाइपमा पानी पठाएर परीक्षण गरिसकिएको छ भने अब पुन: पानी राख्ने एवं पावर हाउसभित्र इले क्ट्रिकसम्बन्धी निर्माणका काम भइरहे को आयोजनाका आवासीय इन्जिनियर दिवाकर खड्काले जानकारी दिनुभयो । फागुनभित्र विद्युत् उत्पादनका लागि परीक्षण सुरु हुने इन्जिनियर खड्काले बताउनुभयो ।

खड्काले भन्नुभयो, विद्युत् गृहभित्रको केही प्राविधिक काम भइरहेको र सबै सकिएपछि फागुन अन्तिमसम्ममा विद्युत्को परीक्षण उत्पादन हुनेछ । खड्काका अनुसार सिभिल क्षेत्रको सबै काम सकियो अब इलेक्ट्रो मेकानिकल पाटोको काम बाँकी छ त्यो सकिएपछि फागुनभित्रै विद्युत् उत्पादनको समेत परीक्षण हुनेछ ।

दुई हजार तीन सय मिटर लामो सुरुङ तथा एक हजार छ सय मिटरको पाइपबाट ल्याइएको पानी तीन सय मिटर माथिको उचाइबाट टर्वाइनमा

.... .पेज नं. ८ मा

बढुवा विज्ञापनको .....

गरेका थिए ।

बढुवा नतिजा किन ढिला भएको भन्दा शिक्षा निर्देशनालय कर्णाली प्रदेश सुखेतका एक कर्मचारी शिक्षक सेवा आयोग केन्द्रबाट प्रतिनिधि नआएका कारण मूल्याकन गरी नतिजा निकाल्न ढिला भएको बताउनु हुन्छ । तर कहिले नतिजा आउने कुनै निश्चित छैन ।

उता शिक्षक सेवा आयोगले खुला र बढुवा तर्फ गरेर आयोगले प्राथामिक तह, निम्म माध्यामिक तह र माध्यमिक तहमा गरि १४ हजार ७ सय ५२ पदका लागि विज्ञापन आव्हान गने तयारी गरिरहेको शिक्षक सेवा आयोगले जनाएको छ ।

विज्ञापन भएको २ वर्षसम्म बढुवा नतिजा नआउँदा बढुवाको लाइनमा रहेका शिक्षकहरुलाई मर्का परेको नेपाल राष्ट्रिय शिक्षक संगठन जिल्ला समिति डोल्पाका अध्यक्ष शेरबहादुर बुढाले बताउनु भयो । उहाँले आयोगले यो विज्ञापनको नतिजा छिटो प्रकाशन गर्नु पर्ने बताउनु भयो ।

शिक्षक सेवा आयोगका अनुसार २ हजार ६ सय ९१ बढुवा तर्फ र १२ हजार ६१ खुल्लातर्फको पद खाली रहेको छ । आयोगले बढुवा शिक्षकतर्फ प्रावि प्रथम तहमा ३ सय ८४, प्रावि द्वितियमा १ हजार ३ सय २५, निमावि प्रथमतर्फ ६९, निमावि द्वितियतर्फ ३ सय ६४, मावि प्रथमतर्फ ९९, मावि द्वितियतर्फ ४ सय ५० गरी जम्मा २ हजार ६ सय ९१ पदको विज्ञापन खुला गर्ने तयारी गरेको आयोगका सूचना अधिकारी सुदर्शन मरहट्ठाले फोनमा जानकारी दिनुभयो ।

अध्यक्ष प्रचण्डले दिए यस्तो आपत्तिजनक अभिव्यक्ति

सुस्केरा समाचारदाता

काठमाडौं, फागुन - नेकपा दोस्रो अध्यक्ष तथा प्रचण्ड-माधव समूहका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले आपत्तिजनक अभिव्यक्ति दिनु भएको छ । पूर्वप्रधानमन्त्री समेत रहेका प्रचण्डले भारतसँग सम्बन्ध नबनाई नेपालमा स्थायीत्व नहुने बताउनु भएको हो । प्राइम टेलिभिजनमा एक अन्तर्वाताका क्रममा प्रचण्डले भारतसँग इतिहास, संस्कृति लगायतले विशिष्ट सम्बन्ध भएको बताउँदै नेपाली काँग्रेस र जसपासँग मिल्नु भनेको भारतलाई पनि कम्फरटेबल समीकरण हुने बता उनु भएको थियो । 'नेपाली कांग्रेस, हामी र जनता समाजवादी पार्टी मिल्नु भनेको भारतका लागि यो भन्दा कम्फर्टेवल समीकरण हुन सक्दैन' - प्रचण्डले भन्नु भयो । भारतलाई समेत कम्फरटेबल हुने गरी नेपालमा सरकार बनाउन लागिएको उहाँको आशय थियो ।

रुखले च्यापेर .....

हरेक वर्ष फागुन चैत बैशाखमा चल्ने हावाहुरीले डोल्पामा सधै विभिन्न क्षेति गर्ने गरेको छ । हावाहुरीले विभिन्न भौतिक क्षति पनि गर्ने गरेको छ । बुधवार, विहिवार चलेको हावाहुरीले जिल्लाका विभिन्न स्थानमा के कति क्षति गरेको छ त्यो जानकारी भने प्राप्त नभएको प्रहरीले जनाएको छ ।

स्नातक तह ....

ीक्षा दिनु भएको छ । भने २३ जना अनुपस्थित रहेको डोल्पो क्याम्पस डोल्पा परीक्षा केन्द्रका केन्द्राध्यक्ष धनञ्जय सुवेदीले जानकारी दिनुभयो ।

दोस्रो चरण खोप अभियान सम्पन्न

डोल्पा, फाल्गुण १० गते ।

कोरोना महमारिको संक्रमणलाई रोकथाम गर्नका लागि नेपाल सरकारले भारतको सहयोगमा ल्याएको कोभिड १९ विरुद्धको खोप अभियान संचालन गरिरहेको छ । अभियानको १० औं दिन अर्थात सोम्बार सम्म बुधवारसम्म ७ सय ५० जना सम्पुर्ण जनप्रतिनिधिहरु ,सरकारि कार्यालयहरु , बैंक तथा वित्तिय संस्था ,पत्रकार, र पहिलो चरणबाट छुटेका स्वास्थ्य कर्मिहरु महिला स्वायमसेविकालाई ,दोस्रो चरणमा खोप लगाएको स्वास्थ्य सेवा कार्यालय डोल्पाले जानकारि दिएको छ ।

जिल्ला अस्पताल डोल्पा,त्रिपुरा सुन्दरि नगर अस्पताल ,मुड्केचुला गाउपालिका इलस्वास्थ्य चौकि इल ,जगुदुल्ला कोभिट अस्पताल ,मा दोस्रो चरणको लगाएको हो ।आज मात्र जिला अस्पताल डोल्पाम महिला, पुरुष गरेर ७१ जना सम्पुर्ण जनप्रतिनिधिहरु ,सरकारि कार्यालयहरु , बैंक तथा वित्तिय संस्था ,पत्रकार, र पहिलो चरणबाट छुटेका स्वास्थ्य कर्मिहरु महिला स्वायमसेविकालाई ,दोस्रो चरणको खोप लगाइएको हो ।

आज सम्म दोस्रो चरणको खोप लगाउने सम्पुर्ण जनप्रतिनिधिहरु ,सरकारि कार्यालयहरु , बैंक तथा वित्तिय संस्था ,पत्रकार, र पहिलो चरणबाट छुटेका स्वास्थ्य कर्मिहरु महिला स्वायमसेविकाहरुको अवस्था सामान्य रहेको स्वास्थ्य सेवा कार्यालय डोल्पाले जानकारि दिएको छ ।

म्याद सकिएका .....

४० पोका ,मिटमसला ४० प्याकेट ,प्राउन ३ पिस गरि जम्मा १ लाख ९२ हजार २ सय ३० मूल्य बराबरको म्याद सकिएका सामान बरामद गरी नष्ट गरिएको जिल्ला प्रशासन कार्यालय डोल्पाका प्रमुख जिल्ला अधिकारी माधवप्रसाद ढकालले बताउनु भयो । म्याद सकिएको सामान जिल्ला प्रसासनको प्रगानमा हाज दिउसो साढे एक बजे नष्ट गरिएको जिल्ला प्रसासन कार्यालय डोल्पाले जानकारि दिएको छ ।

यसरि विभिन्न पसलहरुमा म्याद सकिएको सामानहरु विकिवितरण गर्दा मानिसहरुको स्वास्थ्यमा प्रत्यक्ष हानि पुऱ्याउने भएकोले बरामद गरिएको र अब आइन्दा यस प्रकारका सामान विक्रिवितरण गरी कसैलाई हानी भएमा कनु अनुसार कारवाही भै जाने छ । दुनै बजारका पसलहरुमा म्याद सकिएका सामानहरु लामो समय सम्म राखेर विकिवितण नगर्न नगराउन जिल्ला प्रसासन कर्यालय डोल्पाले आग्रह गरेको छ ।

विद्यालयलाइ .....

विद्यालयहरु ७ वटालाई प्रति विद्यालय १ वटाका दरले कम्प्युटर वितरण गरिएको मुड्केचुला गाउँपालिकाका अध्यक्ष दत्तबहादुर शाहीले जानकारी दिनु भयो । उपलब्ध कम्पूटरहरु धमाधम जडान भैरहेको मुड्केचुला गाँउपालिकाले जानकारी दिएको छ ।

कोरोना भाइरस अर्थात कोभिड १९ को कारणले विद्यालयहरु बन्द भएको बेलामा खाजाको पैसा बचेको बजेटबाट गाँउपालिकाले विद्यालयहरुलाई कम्प्युटर हस्तान्तरण गरेको बताइएको कालिका साधारण तथा प्राविधिक माध्यमिक विद्यालय कालिकाका प्रधानाध्यापक लालबहादुर रोकायाले बताउनु भयो ।

जलविधुत .. ..

खसालेर विद्युत् उत्पादन गरिनेछ । नारच्याङमा निर्माण गरिएको आयोजनाको पावर हाउसदेखि दाना सब स्टेसनसम्म विद्युत् जडानका लागि ट्रान्समिसन लाइनसमेत आयोजनाले निर्माण सम्पन्न गरी तयारी अवस्थामा राखिएको इन्जिनियर खड्काको भनाइ छ ।

आयोजना ५६७ करोड रुपियाँभन्दा बढी लगानीमा निर्माण सम्पन्न हुने लागेको आयोजनाका लागि मिष्ट्री खोलाको मुहानतर्फ ड्याम निर्माण गरी ढोका राख्ने कामलगायत अन्य कामहरू सकिएको आयोजनाको हाइड्रो मेकानिकल इन्चार्ज दिलाराम श्रेष्ठले बताउनुभयो ।

नेपाल विकासशील मुलुकमा स्तरोन्नतिका लागि नेपालको नाम सिफारिस

सुस्केरा समाचारदाता

काठमाडौं, फागुन - संयुक्त राष्ट्र संघको विकास नीतिसम्बन्धी समितबाट नेपाल विकासशील मुलुकमा स्तरोन्नतिका लागि सिफारिसमा परेको छ ।

हिजो बसेको सो समितिको बैठकले अति कमविकसित देशको सूचीबाट नेपालका स्तरोन्नतिका लागि सन् २०२६ सम्म तोकिएका मापदण्ड पूरा गर्नुपर्ने सुविधासमेत दिइएको छ ।

पछिल्लो समय सन् २०१५ मा नै नेपाललाई यस्तो सुविधा प्राप्त भए पनि सन् २०१५ मा आएको महाभूकम्प र जारी कोरोना भाइरसको महामारीले भने प्रतिव्यक्ति आयमा प्रभाव पारेका कारणले सन् २०१८ मा नेपालको यस्तो सुविधा कटौती गरेको संयुक्त रास्ट्रसङ्घका लागि नेपालको स्थायी नियोगले जारी गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

प्रतिव्यक्ति आय, मानव विकास सूचकाङ्क र आर्थिक जोखिम सूचकाङ्क स्तरोन्नतिका मुख्य मापदण्ड तय गरिएकोमा नेपालले प्रतिव्यक्ति आय बाहेक दुई सूचकाङ्कका तोकिएको मापदण्ड पार गरिसकेको अवस्था रहेको जनाइएको छ ।



प्रकाशक/सम्पादक : विष्णुलाल बुढा
व्यवस्थापक : निराकुमारी बस्नेत
कानुनी सल्लाहकार : रामप्रसाद बुढा
सल्लाहकार : धनबहादुर बुढा
लालिमान बुढा
सुरेन्द्र ढकाल
नन्दसिंह बुढा
प्रमुख संवाददाता : रुपलाल वोहोरा
मुद्रक : हिमाली सुस्केरा अफसेट प्रेस
ठुलीभेरी नगारपालिका-३ दुनै, डोल्पा
Email : hsuskera@gmail.com
www.himalisuskera.com.np

सम्पादकीय

सरकार गठनको सकस

हाम्रा अगाडि निकै राजनीतिक समस्या देखिन थालेको छ। कस्तो समस्या भन्दा सबैले नदेख्न पनि सक्छ तर यो भयानक समस्याका रुपमा देखिने छ । यसले संवैधानिक समस्या झनै बढायो । नेपाल अन्य देश तथा विदेशीहरुको चलखेल गर्ने स्थान तथा रंगशाला हो । अहिले हामीले देख्यौ, सबैले यही अनुभव गरिरहेको छ । हाम्रा जिम्मेवार र शीर्ष नेतृत्वले कहाँ के गरिरहेको छ । कतिखेर के बाल्नु पर्ने, के गर्नु पर्ने हाम्रा नेताहरुले त्यो काम गरेको अवस्था छैन ।

त्यसै भएर नेपाली जनताहरुले शीर्ष नेताहरुलाई विश्वास गर्न छोडेका छन् । नेपालमा कतै नभएको जात्रा हुन्छ । प्रतिपक्ष दलले गर्नु पर्ने विरोध र अविश्वासको प्रस्ताव आफ्नै दल भित्रका शिर्ष नेताहरुले गर्ने र पार्टी विभाजित गर्ने गरिएको यो प्रत्यक्ष नेपाली जनताहरुले अनभव गर्न पाए यस पटक । नेपालको राजनीतिक इतिहासमा यो जस्तो विकृत अवस्था कहिले आउला र ? भन्ने अवस्था आएको छ । किनकी आफ्नो दलको प्रधानमन्त्रीलाई हटाएर अर्को दलको नेतालाई प्रधानमन्त्री खाइदे रे के देख्नु परेको हो हामी नेपालीहरुले ? यो राजनीति होइन कुराजनीतिको पराकाष्टा हो भन्ने नेपालीहरुले ठानेका छन् ।

अब कसरी सरकार गठन हुने, सकस परेको छ। नेपाली राजनीतिमा यस प्रकारको अवस्था आएको थियो होला र आउला पनि तर आफ्नै पार्टीको सरकार फालेर देशलाई अस्थिर बनाएको इतिहास कही कुनै देशमा भएको छैन । निर्वाचन परिणामबाट सबै राजनीतिक पार्टी सर कार गठन गर्ने हैसियतमा नपुग्नु तथा कसैको पनि बहुमत नआएर मिलेर सरकार गठन गर्नु पर्ने बेला आउनु स्वभाविक हो । तर आफ्नो पार्टीको बहुमत छ, पार्टी पनि फुटेको छैन, संसदमा एउटै संसदीय दल छ रोडमा त्यही पार्टीले नौ टंकी गर्दै हिडेको छ । आफ्नो पार्टीको सरकार ढाल्ने र अर्को पार्टी तथा अझ भन्ने हो भने गैरकम्युनिष्ठलाई सरकारको नेतृत्व गरिदेउ भनेर निवेदन हाल्न जान्छ कस्तो क्षमता भएका हाम्रो देशका मम्युनिष्ठ नेताहरु, अनि कहिले नेपालमा कम्युष्ठि पार्टीको सरकार स्थिर होला ? यसमा गम्भिर भएर सोच्नै पर्छ ।

प्रधानमन्त्री ओलीले गरेको प्रतिनिधिसभा विघटन मुद्धामा सवोच्चले विघटन बदर गरे पछि, अब प्रतिनिधिसभामा अविश्वासको प्रस्ताव टेबल हुनेछ। त्यसमा प्रस्ताव पारित भयो भने प्रधानमन्त्री ओलीले राजीनामा दिनु पर्छ । राजीनामा दिए कसको नेतृत्वमा सरकार गठन गर्ने सकस परेको अवस्था छ । आफ्नै सरकार ढाल्ने, भारत तथा विदेशीहरुसँग नमिलेर हाम्रो देशमा स्थिरता आउँदैन भनेर बोल्नेहरुले सरकारको नेतृत्व गर्ने र सबै नारी नसा विदेशीलाई सुम्पने वातावरण बनाउदै छन् । तर नेपालीहरु चनाखो हुनु आवश्यक छ । सरकार गठनको अवस्था सकसपूर्ण छ भनेर सरकार ढाल्ने खेमाको नेतृत्व गर्ने प्रचण्ड-माधवहरुले सोचेरै प्रतिनिधिसभा विघठन सर्वोच्चले उल्टाइदिने वित्तिकै गैरकम्युष्ठ पार्टी नेपाली काँग्रेसका सभापति शेर बहादुर देउवा कहाँ पुगेर प्रधानमन्त्री भैदेउ भनेर अनुनय विनय गर्नु पर्ने थिएन । नेकपा २ भागमा विभाजित भए पछि नेपाली काँग्रेस विना कुनै खेमाले सरकार बनाउने सक्ने छैनन् । गोल नेकाको हातमा छ ।

साइनो

विष्णुप्रसाद अधिकारी

९१
डुब मानसरोवर
छताछुल्लको आनन्द
निर्मल गुलाफी सपना ।

९२
नहोस् चिरहरण
दुख्छ मालीलाई पनि
चोट देखाउन सकिन्न ।

९३
ब्युँझेर देखे द्वार
असरल्ल निद्राबाट
उज्यालोमा कति अँध्यारो ।

९४
भत्काएर पर्खाल
गोरेटोको खोजीमा
शून्यवाद र अन्यवाद ।

९५
गमलामै सुन्दर
चिरहरण फाँटमा
दुख्दैन किल्यै पराइ ।

९६
भावनाको भूगोल
आकाशको आयतन
मेटाउँछु लक्ष्मण रेखा ।

९७
नगर निगरानी
सकिएको छ जवानी
एकादेशको मुसाफिर

९८
बरफको पहाड
तैरिएर पानी माथि
जीवन यात्रा चेतनाको ।

९९
पुस्ताको विरासत
वादहरुको सङ्ग्रह
खोजीमा छ कर्मको छाप ।

१००
क्रमागत एकाइ
यावत प्रकृयाको अन्त
सकृय मृत्युको आयाम ।

१०१
आँखामा सञ्जय
गान्धारी तोकादेश
सत्यवादिताको मुखुण्डो ।

१०२
पृथक चिन्तनामा
नाप जोख शब्दहरु
सपाङ्ग देखिन्छ साइनो ।

१०३
न त प्रस्ताव थियो
अपेक्षाकबिहीन यो छन्
भेटिन तिथि अनिश्चित ।

१०४
रसमय समाज
अस्त्विबोध औडाहा
लालायित अर्थहीनता ।

१०५
तोता मैना होइन
अहम्हीन स्वाभीमान
तरल सरल जीवन । .....

खेलकुद

१३ वर्षमुनिका खेलाडी छानिदै

रासस

सुर्खेत, फागुन - अखिल नेपाल फुटबल सङ्घ (एन्फा) ले यही फागुन १८ र १९ गते वीरेन्द्रनगरमा ग्रास रुट फुटबल प्रशिक्षणका लागि १३ वर्ष मुनिका खेलाडीको छनोट गने भएको छ । हाल एन्फामा आवद्ध कर्णालीका सुर्खेत र जुम्लाका जिल्ला फुटबल सङ्घ अन्तर्गत सञ्चालित ग्रास रुट फुटबल प्रशिक्षणमा राष्ट्रियस्तरको प्रतिस्पर्धाका लागि खेलाडी छनोट गर्न लागिएको हो । जिल्लास्तरमा सम्पन्न प्रारम्भिक चरणको छनोटबाट सुखेतका २६ जना बाल खेलाडी दोस्रो चरणको छनोटमा पर्न सफल भएका छन् । कर्णाली प्रदेश फुटबल सङ्घका महासचिव गणेशकुमार कार्कीले एन्फाकै प्रशिक्षक तथा प्राविधिक टिमले २६ मध्येबाट राष्ट्रियस्तरका लागि खेलाडी छनोट गर्ने जानकारी दिनु भयो । उनकाअनुसार आधारभूत तहदेखि नै फुटबलको विकास गर्न, सानै उमेरदेखि फुटबल प्रशिक्षण दिई युवा उमेर समूहको टिम बनाउने उद्देश्यले सुर्खेत र जुम्लाका खेलाडीको छनोट सुर्खेतको वीरेन्द्रनगरमा गर्न लागिएको हो । सुखेतमा यही फागुन १८ र १९ गते स्थानीय रङ्गशालामा खेलाडी छनोट चरण सञ्चालन हुनेछ । छनोटमा आउने खेलाडीले आफू २०६५ पुस १५ देखि २०६६ पुस १४ गतेसम्मको अवधिमा जन्मिएको जन्म दर्ताको प्रमाण पेश गर्नुपर्नेछ । जिल्ला र प्रादेशिक तह हुँदै राष्ट्रिय छनोट पार गर्ने खेलाडीलाई एन्फाले आफ्ना प्राविधिक केन्द्रमा आवासीय रुपमा राख्ने तयारी छ ।

सुशासन भए विकास राम्रो हुन्छ

सुस्केरा समाचारदाता

काठमाडौं, फागुन - नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीले देश, जनता, सुशासन र विकासलाई मूलमन्त्र मानेर सरकारले काम गरिरहेको बताउनुभएको छ ।

नेकपाद्वारा शनिबार विराटनगरमा आयोजित बृहद् कार्यकर्ता भेलामा सम्बोधन गर्नुहुँदै प्रधानमन्त्री ओलीले सो कुरा बताउनुभयो । हाम्रो लक्ष्य र मूल उद्देश्य देश, जनता, लोकतन्त्र, सुशासन र विकास हो उहाँले भन्नुभयो । देश बनाउने अभियानमा आफू नेतृत्वको सरकार र पार्टी रहे काले सोही अभियानमा लामबद्ध हुन प्रधानमन्त्री ओलीले सबैमा आव्हान गर्नुभयो । विकासको अभियान कसैले रोक्न सक्दैन ।हाम्रो उद्देश्य वाद प्रतिवादमा अल्झिने होइन, काम गर्ने हो । सुशासन र विकासको काम गर्ने हो प्रधानमन्त्री ओलीले नेपाललाई समृद्ध नेपाल र सुखी नेपाली बनाएर छाड्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । देश विकासको अभियानलाई कसैले रोक्न नसक्ने उहाँले प्रष्ट पार्नुभयो ।

प्रचण्डले पहिले वैद्यलाई साथ लिनुभयो, फेरि डाक्टरलाई छान्नुभयो, अहिले झाँक्री लिनुभएको छ, त्यसले उहाँलाई बचाउन सक्दैन अध्यक्ष ओलीले थप्नुभयो, सिद्धिइसकेको प्रचण्डलाई ल्याएर जुरो हालिदिएको थिएँ, सिङ लामा भएपछि उहाँमा अहङ्कार चढ्यो, हामीलाई नै सिध्याउँछु भन्न थाल्नुभयो । उहाँको नियति असफलता बाहेक केही होइन । अझै पनि तपाई फर्किन चाहनुहुन्छ भने फर्केर आउनुस्, जनताको भीडमा मिसिनुस् उहाँले आग्रह गर्नुभयो । प्रचण्ड खिइने बाटो, सिद्धिने बाटोमा मिसिनुभयो, भीरबाट लड्नेलाई रामरामै भन्न सकिन्छ, काँध थाप्न सकिदैन उहाँले भन्नुभयो ।

कसका लागि नेपाल बन्द ? मधेसी, थारु, महिला, मुस्लिम, दलित, सुकुम्बासी, उपेक्षित पीडितका विरुद्धमा ? जिज्ञासा गर्नुहुँदै प्रधानमन्त्री ओलीले नेपाल बन्दले सरकारको विकासको काम नरोकिने बताउनुभयो । प्रचण्ड-माधव पक्षले माघ २२ गते एक दिने नेपाल बन्दको आयोजना गरेको थियो ।

नेपाल सिर्जनाको, खोज अनुसन्धानको मुहान हो, त्यसैले यो देशको समृद्धि सम्भव छ प्रधानमन्त्री ओलीले भन्नुभयो, हिजो झुक्याएर हस्ताक्षर गराएकाहरु हस्ताक्षर फिर्ता गरेर मूल घरमा फर्किदै हुनुहुन्छ, फर्केर पार्टीमा आउनुस् स्वागत छ । हामी सबै मिलेर देश समृद्ध बनाउने अभियानमा लागौं, देश बनाउने नेतृत्व गर्नुस् उहाँले आव्हान गर्नुभयो । अरुको ईसारामा नचलिदिनुस्, भ्रममा न पर्नुस् अध्यक्ष ओलीले थप्नुभयो, नेता शेर बहादुर तामाङ र नेतृ उषाकला राई फर्केर आइसक्नुभयो, तपाईहरु पनि आउनुस् । आफूहरु झगडिया नभएको बताउनुहुँदै प्रधानमन्त्री ओलीले भन्नुभयो, हामी झगडिया हो इनौं, मुद्दा हाल्न जाँदैनौं, लोकतन्त्रका लागि, देश र जनताको लागि काम गर्नमा व्यस्त छौं । सभामुखले त बाटो बिराउनुभयो, अब उपराष्ट्रपतिले पनि पदमा बसेर संविधानविरोधी काम गर्दै हुनुहुन्छ प्रधानमन्त्री ओलीले भन्नुभयो, अविश्वासको प्रस्ताव राख्न लागि सके पछि त्यसबाट जोगिन प्रतिनिधिसभा विघटन गर्नुपर्‍यो ।

बाल संशार



विकासशील देशमा स्तरोन्नति हुँदै नेपाल ।

२३ गतेबाट संसद अधिवेशन चल्ने

सुस्केरा समाचारदाता

काठमाडौं, फागुन - सरकारले यही फागुन २३ गते संसद्को हिउँदे अधिवेशन बोलाउन राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय गरेको छ । प्रधानमन्त्री निवास बालुवाटारमा शुक्रबार साँझ बसेको मन्त्रिपरिषद् बैठकले सो निर्णय गरेको हो । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री शिवमाया तुम्बाहाङ्फेले यही फागुन २३ गते संसद्को हिउँदे अधिवेशन आह्वानका लागि राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय मन्त्रिपरिषद् बैठकले गरेको जानकारी दिनुभयो । सर्वोच्च अदालतले प्रतिनिधि सभा पुनर्स्थापनासहित १३ दिनभित्र संसद् अधिवेशन डाक्न सरकारका नाममा फागुन १२ गते पर मादेश जारी गरेको थियो ।

प्रधानमन्त्री केपी शर्मा ओलीले पुस ५ गते प्रतिनिधि सभाको विघटन सिफारिस गर्नुभएको थियो । सोही दिन राष्ट्रपति विद्यादेवी भण्डारीबाट प्रतिनिधि सभा विघटनको घोषणा गर्नुभएको थियो । सो उपर सर्वोच्च अदालतमा परेको मुद्दामा अदालतले प्रतिनिधि सभा विघटनसँग सम्बन्धित निर्णय र राष्ट्रपति कार्यालयबाट जारी भएका विज्ञप्तिलगायतका सबै काम कारबाही प्रारम्भदेखि नै शून्य रहने गरी बदर गरेको थियो । प्रतिनिधि सभा विघटनका कारण छ महिनाभित्रै संसद् अधिवेशन बस्नुपर्ने संवैधानिक व्यवस्था मिचिएको भन्दै अदालतले १३ दिनभित्र अधिवेशन बोलाई बैठक बस्ने व्यवस्था गर्न सम्बन्धित सबै पक्षलाई प्रधानमन्त्री केपी शर्मा ओली, सभामुख अग्नि सापकोटा समेतका

सामान्य ज्ञान २१

यस सामान्य ज्ञानले मानसिक कसरत गराएर सबैलाई स्वस्थ बनउनुका साथै नयाँ जानकारी दिनेछ भन्ने आशा राख्दै सबैलाई अध्ययनका लागि अनुरोध गर्दछौं । यस सामान्य ज्ञानका लागि प्रश्न र उत्तर पठायन सक्नु हुनेछ । यहाँको प्रश्न उत्तरलाई उचित स्थान दिइने छ ।

१. आत्म पहिचान नै शिक्षा हो, यो भनाई कसको हो ?
२. प्रकृतिवादी दर्शनका विचारक को हुन् ?
३. शिक्षणशास्त्रको विकास कसले गरेका हुन् ?
४. व्यवहारवादका पिता भनेर कसलाई भनिन्छ ?
५. मनोविज्ञान प्रयोगशाला कहिले स्थापना भयो ?
६. पाठ्यक्रम विकास केन्द्रको स्थापना कहिले भएको हो ?
७. मानव विकासको चरण मध्ये सबैभन्दा छोटो चरण कुन हो ?
८. पाठ्यक्रम कार्यान्वयन योजना कहिलेबाट लागू भएको हो ?
९. अंशुवर्माले निर्माण गरेको शास्त्रलाई के भनिन्छ ?
१०. प्राचिन कालमा शिक्षाको माध्यम के थियो ?
११. शिक्षामा व्यवसायिक शिक्षाको सुरुवात गर्ने राजा को हुन ?

उत्तर :

१. शुक्राचार्य, २. थेल्स, ३. एस.एल.प्रेसी, ४. जे.वि.वाटसन, ५.सन १८७९, ६. वि.सं. २०२८, ७. नवजात अवस्था, ८. वि.सं.२०३८, ९.ध्वनीशास्त्र, १०. संस्कृत र ११. जयस्थिति मल्ल

हाम्रा पर्वत, हाम्रो बहादुरी

- पूर्णहरि अमात्य

सन् १९५३ मे २९ मा तेन्जिङ शेर्पा र एडमन्ड हिलारीले सगरमाथा (माउन्ट एभरेष्ट)मा पहिलोपटक पाइला टेक्दा संसारभरि जुन सनसनी फैलिएको थियो, त्यस्तै पुनरावृत्ति भएको छ । सगरमाथाको सफल आरोहण एकजना नेपाली शेर्पाले गरेका थिए र अर्का विदेशी (न्युजिल्यान्ड)का थिए । तर, किलर हिमाल (हत्यारा हिमाल)को नामले कुख्याती कमाएको विश्वको दोस्रो अग्लो हिउँ चुचुरा केटु (आठ हजार ६११ मिटर) को सफल आरोहण निर्मल पुर्जामगरको नेतृत्वमा भएको मा सारा संसार अचम्मित भएको छ । पाकिस्तानमा रहेको केटुको सफल आरोहण सन् १९५४ मा भएको थियो । दोस्रो सफलता ३८ वर्षपछि नेपाल(ालाई प्राप्त भएपछि विदेशी सञ्चार माध्यममा व्यापक चर्चा भयो । त्यसो त विश्वको दोस्रो अग्लो टाकुरा आरोहण गर्ने प्रयास सन् १९०२ मा पनि पहिलोपटक भएको थियो । नेपाली(लाई प्राप्त यो सफलताको विश्वमा चर्चा त्यसै भएको होइन । माइनस ६५ डिग्रीको तापक्रम र त्यसमाथि २०० किलोमिटर प्रतिघण्टाको मुटु हल्लाउने हावाको वेगमा ठाडो उक(ालो हिउँमा उक्लन साह्रै नै सकसपूर्ण हुन्छ । तर, ब्रिटिस सेनाको आकर्षक जागिरलाई तिलाञ्जली दिँदै निर्मल पुर्जामगरको नेतृत्वमा मिड्मा शेर्पा, मिड्मा ग्याल्बु शेर्पा, किलु पेम्बा शेर्पा, दावा तेम्बा शेर्पा र सोना शेर्पाको समूह अभेद्यझैं ठानिने केटुको सफल आरोहणले नेपाल र नेपालीको मानप्रतिष्ठा बढाइदिएको छ । र, सबै भन्दा महत्वपूर्ण कुरा नेपाली गोराको भरिया र भान्छेका रूपमा पेट पाल्नम(ात्र उच्च हिमालको सफल आरोहणमा सक्रिय भूमिका खेलेर अब सन्तुष्ट हुने वाला छैनन् भन्ने स्पष्ट भएको छ । आजका नेपाली युवा पुस्ता अदम्य साहस, बहादुरीसाथ जस्तोसुकै चुनौती पनि स्वीकार गर्छन् भन्ने कुराको ज्वलन्त उदाहरण हुन्- निर्मल पुर्जा ।

उच्च हिउँ शिखरहरूको आरोहणको फ्रेन्च नागरिक मौरिस हर्जोगले सन् १९५० मा अन्नपूर्णको र तेन्जिङ शेर्पा तथा हिलारीले सन् १९५३ मा सगरमाथा उक्लेको खुबै चर्चा हुन्छ । तर, कुनै पनि विदेशीले नेपाली हिमाल चढ्दै हाम्रा करवीर बुढाथोकी र हर्कवीर थापाले सन् १८९४ मा आल्मुस (युरोप)मा एक हजार माइल चहारेर स्वीट्जरल्यान्डको एउटा चुली पहिलोपटक चढेका चर्चा विरलै हुन्छन् र सो चुलीको नामाकरण गोर्खा चुली राखिएको थियो । (सर विलियम मार्टिन कनवे-द आल्पस, फ्रम एन्ड टु एन्ड, लन्डन सन् १८९५) १५०० माइलमा फैलिएको उच्च शृङ्खला भएका हिमाल ऋषिमुनीहरूको तपस्या स्थल पौराणि(ककालमा थिए । त्यसैले त पर्वतलाई दार्शनिकताको स्रोतको साथै सुन्दर ताको मुहार भनिएको होला । पर्वतबारे प्रसिद्ध भूगोलविद् स्व. डा. हर्क गुरुङ भन्नुहुन्छ, 'विश्वभरले मान्यता गर्ने परिभाषा पहाडलाई छैन, (इसिमोडका लागि एसियाका पर्वतहरू पुस्तक) अर्का जटिल वैज्ञानिक विषयलाई सामान्य पाठकलाई बुझ्नेगरी लेख्न खप्पिस डा. तीर्थबहादुर श्रेष्ठ पर्वतका सम्बन्धमा भन्नुहुन्छ- पहाडमा नचढी पहाड चिनिँदैन, बुझिँदैन । पहाड भन्नु एउटा चुनौती हो । त्यसै भएकाले सगरमाथा (एभरेष्ट) चढ्ने प्रयासमा बारम्बार लागेका पर्वतारोही जर्ज ली मेरोरीलाई किन पटक-पटक एभरेष्ट नै चढ्न जान्नुहुन्छ ? भनी प्रश्न गर्दा उहाँको सटिक जवाफ थियो, किनभने त्यो त्यहाँ छ ।

उहाँ भन्नुहुन्छ, एसिया महाद्वीपभन्दा बाहिर सात हजार मिटरभन्दा अग्ला शिखर भेटिँदैनन् । नेपालभित्र भने अझै पनि त्यो उचाइ भएका ७८ हिमशिखरको नामाकरणसम्म पनि हुन सकेको छैन । तसर्थ, पहाड रहस्यको पनि पहाड हो । नेपाललाई वाटर टावर त्यसै भनिएको होइन । हाम्रा कोसी, गण्डकी, कर्णाली र महाकालीले नेपालको मात्र होइन, भारतीय समतल फाँटलाई उर्वर बनाउन अमूल्य योगदान गरेको छ । त्यस्तै सिन्धु, गङ्गा, ब्रह्मपुत्र र अन्य सात नदीको उद्गमस्थल पनि हिन्दुकुश हिमाल नै हो। नेपालमा परम्परागत रूपमा हिमाल आरोहण गर्ने पेसा शेर्पा जातिकै हो र त्यसमा पनि सगरमाथाको खुम्बु क्षेत्रको शेर्पाहरूको बढी संलग्नता भेटिन्छ । त्यसो त हिमाल आरोहण दोलखा र सङ्खुवासभाका शेर्पाहरूको संलग्नतालाई कम आँक्न मिल्दैन । सगरमाथाका प्रथम सफल आरोही तेन्जिङ शेर्पाको पर्वतारोहणको गाथा झन्डै सात दशकदेखि चलिरहेको छ र यो समुदायको ख्याति विश्वभरि पर्वतारोहणबाट सम्भव भएको हो । धर्मराज थापाले गाउँदै हिँडेको हाम्रो तेन्जिङ शेर्पाले चढे हिमाल चुचुरो गीत खुब घन्किएको । तर, जीवन धान्न मुस्किल परेपछि सुखद भविष्यका लागि तेन्जिङ भारत(दार्जिलिङ) तिर भास्सिनुभयो । परिवर्तित समयको ख्याल गर्दै उहाँका नाति हाल अस्ट्रेलियावासी भएका छन् ।

हिमाल आरोहणको आकर्षणमा कुनै कमी आएको छैन । माओवादी द्वन्द्वक(ालमा नेपालमा पर्यटक आगमन कम भए पनि पर्वतारोहणमा खासै कमी नआएको सम्बन्धित क्षेत्रको भनाइ छ । र, पर्वतारोहण तथा शेर्पा समुदाय पर्यायवाचीझैं भन्ने गरिएकोमा चाहिँ ग्रहण लाग्ने थालेको आँकलन शेर्पा समुदायका अगुवाको छ । त्यसै मध्येका एक हुनुहुन्छ- सोलुखुम्बुमा जन्मेर काठमाडौँमा दशकौँदेखि बस्दै आउनुभएका पर्वतीय पर्यटन उद्यमी आङछिरिङ शेर्पा । भन्नुहुन्छ, बहर इनका राजकुमारले हिमाल चढ्दैमा हाम्रो पर्वतारोहण उद्योग फस्टाउँछ भन्ने भ्रमणमा नपर्नौं । हाम्रो पर्वतारो हणलाई चलायमान बनाउन युरोप, अमेरिका र अस्ट्रेलिया आदि मुलुकका पर्वतारोहीको आगमनले एकातिर नेपाल सरकारलाई राजस्व (रोयल्टी) प्राप्त हुने र अर्कातिर ठुलो सङ्ख्यामा यसै पेसामा आश्रित स्थानीयलाई रोजगारी प्राप्त भइरहेकोमा कोभिड १९ को महामारीले हजारौंको गाँस खोसिएको छ ।

पर्वतारोहणप्रति पश्चिमाको आशक्ति (क्रेज) बुझिनसक्नु छ तर त्यसैले उनीहरू नौलो ठाउँमा गएर कसैले नउक्लेको वा आरोहण गर्न नसकेको चुलीमा टेक्न चाहन्छन् । हजारौंको सङ्ख्यामा गृष्म तथा शरदकालमा पश्चिमा सौखिन पर्वतारोही अपरिचित रहस्यमयी अग्ला चुचुराको सफल आरोहण गर्न ज्यानको पर्वाहसमेत गर्दैनन् । बोनिङटन र मेस्नरजस्ता प्रख्यात हिमाल आरोहीको व्याख्यान सशुल्क सुन्न गोराहरू लालायित हुन्छन् । मेस्नर अस्ट्रेलियाका नागरिक भए पनि नेपालका हिमालको सफल आरोहणपछि ठूलो ख्याति कमाएर आल्पसको रमणीय डाँडामा मिनी नेपालको झझल्को दिनेगरी बस्नुभएको छ । केही समयपहिले नेपाल पर्यटन बोर्डको पटाङ्गिनीमा भन्नुभएको थियो, 'नेपाल मेरो दोस्रो घर हो ।' हर्जोगले अन्नपूर्णको सफल आरोहण गरेपछि फ्रान्सका राष्ट्रपति चार्ल्स डेगोलले उहाँलाई युवा तथा खेलकुदमन्त्रीको अभिभारा सुम्पनुभयो । किनकि फ्रान्सका युवा पुस्तामा साहसिक कार्यको प्रेरणा मिलोस् भन्ने डेगोलको चाहना थियो ।

हिमाल आरोहण लरोतरो ज्यानले सम्भव छैन, त्यसका लागि शारीरिक तन्दुरुस्ती हुनैपर्छ र आरोहण जुन ज्यादै जोखिमपूर्णसमेत छ । तर, शेर्पाहरूसित जीवन धान्ने अन्य विकल्प नभएपछि पर्वतारोहण उनीहरूको बाध्यता हो । एउटा शेर्पाको पुस्ताले यो पेसाबाट राम्रो आयआर्जन गरेपछि उसको सन्तानले आफूजस्तो दुःख कष्ट भोग्न नपरोस् भन्ने उसको चाहना हुन्छ । र, त्यसै सिलसिलामा आजका शेर्पा युवा पुस्तामा आरोहणप्रति खासै रुचि देखिँदैन । हिमाल आरोहणमा संसारभरि ख्याति कमाएका शेर्पा युवा पुस्ता अब तयार होलान् भन्ने कुरामा शङ्का उठ्न थालेको छ । आङछिरिङ शेर्पा जो मेडिकल डाक्टर बन्न भारतको दरभङ्गा (विहार) मेडिकल कलेजमा तीन वर्ष पढ्दै गर्दा त्यहाँको उखरमाउलो गर्मीमा बिरामी परिरहनाले स्वास्थ्यको ख्याल गर्दै पढाइ छोडेर नेपाल फर्कनुभयो ।

र, हाल शेर्पा एक सफल पर्यटन उद्यमीका रूपमा स्थापित हुनुहुन्छ । उहाँको छोरा दावा स्टेफेन शेर्पा एक आसलाग्दो युवा जो सम्पूर्ण हिमालको पर्यावरणमा परिरहेको नकरात्मक प्रभाव कम होस् भनेर जनचेतना फैलाउन लागिपर्नुभएको छ ।

.....

मुड्केचुला गाउँपालिकाको जरुरी सूचना

विश्व भरी महामारिका रुपमा फैलिएको कोरोना भाइरस अर्थात कोभिड १९ हाल डोल्पामा पनि फैलिइरहेको हुँदा यस महामारिबाट बच्न निम्न उपायहरु अपनाई आफू बची र अरुलाई पनि बचाऔं ।

कोरोनाबाट बच्ने उपायहरु

१. अनावश्यक घर बाहिर ननिस्कौं ।

२. आवश्यक काममा निस्कने परे अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने गरौं ।

३. कुनै पनि सामान छोइसकेपछि हात साबुन पानीले मिर्चिमाँच धुने गरौं, अथवा गुणस्तरीय सेनीटाइजरको प्रयोग गर्ने गरौं ।

४. कुनै पनि खानेकुरा राम्रोसँग पकाएर मात्र खाने गरौं ।

५. खानेपानी उमालेर वा निर्मलीकरण गरेर मात्र पिउने गरौं ।

६. महामारीको बेलामा तालिम, गोष्ठि, सेमिनार, भोज, भतेर जस्ता भिडभाड हुने कार्य नगरौं ।

७ रुघाखोकी लागेको व्यक्तिबाट कम्तिमा पनि ३ मिटर टाढा बसौं ।

८ अभिवादन गर्दा टाढैबाट नमस्कार गरौं, हात मिलाउने, अंकमाल गर्ने नगरौं ।

९ कोरोना पोजेटिभ भै होम आइसोलेशनमा बस्नुभएका व्यक्तिहरुले सुत्ने कोठा, प्रयोग गर्ने लत्ता कपडा, भाँडाकुँडा, चर्पी लगायतका चिजहरु घरका अन्य सदस्यहरुलाई प्रयोग गर्न नदिनु हौला । आफ्नो स्वास्थ्यको स्थिति आफैले नियरानी राख्ने गरौं, स्वास्थ्य स्थितिमा गडबड आएमा तुरुन्तै चिकित्सकहरुसँग सम्पर्क राखौं ।

१० आफूलाई कोरोनाको लक्षणहरु जस्तै : सुघ्ने शक्ति हराउनु, जिब्रोले खाने कुराको स्वाद नपाउनु, रुघाखोकी लाग्नु, १ सय ४ डिग्री भन्दा माथि ज्वरो आउनु, जिउमा एकदमै थकान महसुस हुनु आदि भएमा चिकित्सकसँग सम्पर्क राखौं र कोरोनाको जाँच गराऔं ।

११. त्यसैले तपाई बाँचे गाउँ बाँच्छ, गाउँ बाँचे देश, देश बाँचे अनि बल्ल समृद्धिको बेस(bass) कोरोना भाइरस महामारि रोकथाममा तपाई हाम्रो सक्रिय सहभागिताको खाँचो छ ।

मुड्केचुला गाउँपालिकाको कार्यालय

नर्कु, डोल्पा

सबैलाई चेतना भया - प्रजातन्त्र ।

- कृष्णमुरारी भण्डारी

..... मार्फत आफ्नो प्रतिनिधिहरू चुनेर मुलुक सञ्चालन गर्ने हो । बुद्धिजीवीहरूको एउटै कित्ता हुनुपर्छ- प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र, जनत(न्त्र जनताको उन्नति, प्रगति, विकास र समृद्धिको लागि हो । तर कतिपय बुद्धिजीवीहरूले जनताको पक्षमा नभई राजनीतिक दल, गुट, उपगुट र महागुटको पक्षपोषणमा आफ्नो बौद्धिकता, ज्ञान, सीप र योग्यताको दुरुपयोग गरिरहेका छन् । सत्यकुरा हो, बुद्धिजीवी भनेका विषयविद् हुन् र उनीहरूले समाज रूपान्तरणका उज्याला पाटाहरू पर्घेल्दै केबाट जनताको सहभागिता हुन्छ ? कति छिटो जनजीवन रूपान्तरण गर्न सकिन्छ ? सामाजिक आर्थिक रूपमा सिङ्गो मुलुक कति दर्भिलो बन्छ ? ती कुरामा सधैँ यथार्थवादी बनेर आफ्नो कुरा राख्नुपर्ने हो । तर यहाँ यो भएको छैन ।

नागरिक आन्दोलनको नाममा, सडक आन्दोलनको नाममा जनताको पक्षको एजेण्डाबिना मरिहत्ते गर्नु, चिच्याउनु, के के न गरेँ भनेर 'ग्लेमराइज' (अतिरञ्जित चर्चा) गर्न खोज्नु भनेको आफ्नै लागि लाभका निम्ति दौड्नु मात्र हो । जो विवेकी छ, बुद्धिजीवी, बौद्धिक, सचेत छ उसका प्रष्ट एजेण्डा-कार्यक्रम हुन्छन् र जनसहभागिता लागि सुनिश्चित हुन्छन् ।

मुलुक र हाम्रै पुस्ताको दुर्भाग्य के हो भने सबै लाभका निम्ति, आफ्नै निम्ति, आत्मकेन्द्रित, निश्चित दल, गुट-उपगुट, महागुट र मात्र आफ्नै लागि कुर्लनेहरूले जनसहभागिता, जनता, विकास र समाज रूपान्तरणको विष(यलाई नै लन्ठ्याङ मन्ठ्याङ पारिर हेछन् । त्यसैले बुद्धिजीवीलाई उसले गरेको कामले होइन, उसको नामले चिनाउन खोजिन्छ । कुन गुटको हो, उसको पुच्छर जोडेर मात्र चिन्न सकिन्छ बुद्धिजीवी । यो ठीक तरिका होइन, यस्तो हुनु हुँदैन ।

सबैलाई समान

काठमाडौँ विश्वविद्यालयका पूर्व उपकुलपति डा. रामकण्ठ माकजु दो होऱ्याइरहनु हुन्छ- "गोरो र कालो, यो जात र ऊ जात, धनी र गरिब भनेर कसैलाई विभेद गर्नु हुँदैन । मुटु, कलेजो, मिर्गौला भनेपछि धनीको ठूलो र गरिबको सानो हुँदैन । त्यसैले चिकित्सकहरूले उपचार गर्दा धनी होस् वा गरिब सबैलाई एउटै उपचार गर्नुपर्छ । त्यस्तै शिक्षा पनि महँगो र सस्तो हुन सक्दैन । ज्ञान भनेको ज्ञान नै हो, यो समान हुनुपर्छ । सबैको पहुँचमा शिक्षालाई पुऱ्याउनुपर्छ ।

डा. माकजुले भनेझैँ सङ्कल्प, इमानदारी, लगनशीलता र पार दर्शिताबिना मुलुकको विकास किमार्थ सम्भव हुने देखिँदैन । २००७ सालदेखि ०७७ सालसम्म आइपुग्दा समेत हामीले सबैलाई समान स्वास्थ्य सुविधा र शिक्षा सुनिश्चित गर्न नसकेकोमा प्राध्यापक माकजु चिन्ता व्यक्त गर्नुहुन्छ । २०७८ साल वैशाख १७ र २७ गते तोकिएको निर्वाचन नजिकिँदै गर्दा मनाउन थालिएको प्रजातन्त्र दिवसमा हरेक वालिग नागरिकहरूले आफ्नो जनप्रतिनिधिमार्फत आफू, समाज र मुलुककै रूपान्तरण गर्न एक ढिक्का भइलाग्नु नै मुख्य ध्येय राख्नुपर्छ । समाज सधैँ गतिशील हुने हुनाले निर्वाचनले नयाँ प्रतिनिधिहरू ल्याउँछ । थोत्रा-पुरानालाई फाल्छ । निर्वाचनले नवीनता प्रदान गर्छ र सही व्यक्ति छान्न सक्छ । जनप्रतिनिधि चुनिन जोसुकैले जनता जनार्दनबाट अनुमोदित भएर आउनुपर्ने बाध्यता नै लोकतन्त्रको सुन्दरतम् पक्ष हो । वालिग मतदाताहरूबाट अनुमोदित नभइकन कोही पनि निर्वाचित जनप्रतिनिधि बन्न पाउँदैन । सुशासन र निर्वाचन प्रजातन्त्रको पूर्वाधार हो । समतामूलक विकास नै समृद्धिको आधार हो । सबैलाई चेतना भया !

समन्वय बैठक सम्पन्न

मेनुका बुढा

डोल्पा, फागुन - प्रधानमन्त्रि कृर्षि अधुनिकरण परियोजना कार्यान्वयन इकाई स्यउ जोन डोल्पाको बर्षिक स्विकृर्ति आर्थिक बर्ष २०७७/०८८अनुसार निति तथा कार्याक्रम कार्यान्वयनका लागि समन्यात्मक बैठक बसि यस जिल्लाका जिल्ला समन्वय समिति कार्यालयका उपप्रमुख नरबहादुर बुढाको अध्यक्षत(ामा बैठक वसि स्यउजोनबाट हुने कामहरु र यो अर्थिक बर्षमा हुने कामहरुको छलफल गरिएको थियो ।

उक्त बैठकमा जिल्ला समन्वय सतितिका उपप्रमुख नरबाहादुर बुढा, त्रिपुरासुन्दरी नगरपालिकाकी उपप्रमुख चन्द्रकुमारी बुढा, प्रमुख जिल्ला अधिकारि माधवप्रसाद ढकालले आफ्ना विचारहरु राख्नु भएको थियो ।

निति तथा कार्यक्रम समन्वयका लागि समन्यत्मक बैठकमा त्रिपुरासुन्दरि नगरपालिकाका कार्यालय प्रमुख र ठुलिभरि नगरपालिकाका विभिन्न कार्यालयका कर्मचारिहरुले पनि विभिन्न सवालहरु राखेका थिए ।

त्यसै गरी प्राय जसो ममानिसहरुले घरमा प्रयोग गर्ने इन्दनबाट आउने विपतबाट बाँच्ने बारे नेपालि सेनाले सिकाउन थालेको हो ।शे फोक्सोन्डो र ाष्ट्रिय निकुञ्जको सुरक्षर्थ रहेको राम(वान गुल्मले विधालयका वालवालिकाहरुलाई इन्दनले निम्त्यउने पिवप(तबाट जोगिने उपाय सिकायको छ ।सरस्वाति माध्यमिक विधालयका सयौ विधार्थिहरुको विचमा ग्यास र डिजेल पेटोल बाट आगलागिको कारण आउने विपतबाट जागिने उपायबारे डेमो गरेर सचेतना दिएको छ ।डोल्पा जिल्लामा पनि ग्यास लगााएत घरमा इन्दनको प्रयोग बढि रहेको र कुनैपनि प्रविधिक त्रुटिले आगलागि भएर ठुलो क्षति हुने भएकोले यास्ता क्षेतिबाट जोगिन विधार्थिहरुलाई जानकारि दिएर उनिहरुले नै सिकाउने र प्रयोग गर्ने भएकाले पनि विधाथिहरुलाई सचेतना गराएको रावण गुल्मले जानकारि दिएको छ ।

डेमोमा नेपालि सेनाको टोलिले डिजेल पेटोल मा आगलागि भएमा पानि नहालि सरव पानिले निभाउने र सरव नभए कपडाले छोपेर निभाउने बारे देखाएको थियो ।त्यसैगरि ग्यास रि

जगदुल्ला गाउँपालिकाको जरुरी सूचना

विश्व भरी महामारिका रुपमा फैलिएको कोरोना भाइरस अर्थात कोभिड १९ हाल डोल्पामा पनि फैलिइरहेको हुँदा यस महामारिबाट बच्न निम्न उपायहरु अपनाई आफू बचौ र अरुलाई पनि बचाऔं ।

कोरोनाबाट बच्ने उपायहरु

१. अनावश्यक घर वाहिर ननिस्कौं ।

२. आवश्यक काममा निस्कनै परे अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने गरौं ।

३. कुनै पनि सामान छोइसकेपछि हात सावुन पानीले मिचिमिचि धुने गरौं, अथवा गुणस्तरीय सेनीटाइजरको प्रयोग गर्ने गरौं ।

४. कुनै पनि खानेकुरा राम्रोसँग पकाएर मात्र खाने गरौं ।

५. खानेपानी उमालेर वा निर्मलीकरण गरेर मात्र पिउने गरौं ।

६. महामारीको बेलामा तालिम, गोष्ठि, सेमिनार, भोज, भतेर जस्ता भिडभाड हुने कार्य नगरौं ।

७. रुघाखोकी लागेको व्यक्तिबाट कम्तिमा पनि ३ मिटर टाढा बसौं ।

८. अभिवादन गर्दा टाढैबाट नमस्कार गरौं, हात मिलाउने, अंकमाल गर्ने नगरौं ।

९. कोरोना पोजेटिभ भै होम आइसोलेशनमा बस्नुभएका व्यक्तिहरुले सुत्ने कोठा, प्रयोग गर्ने लत्ता कपडा, भाँडाकुँडा, चर्पी लगायतका चिजहरु घरका अन्य सदस्यहरुलाई प्रयोग गर्न नदिनु होला । आफ्नो स्वास्थ्यको स्थिति आफैले निगरानी राख्ने गरौं, स्वास्थ्य स्थितिमा गडबड आएमा तुरुन्तै चिकित्सकहरुसँग सम्पर्क राखौं ।

१०. आफूलाई कोरोनाको लक्षणहरु जस्तै : सुघ्ने शक्ति हराउनु, जिब्रोले खाने कुराको स्वाद नपाउनु, रुघाखोकी लाग्नु, १ सय ४ डिग्री भन्दा माथि ज्वरो आउनु, जिउमा एकदमै थकान महसुस हुनु आदि भएमा चिकित्सकसँग सम्पर्क राखौं र कोरोनाको जाँच गराऔं ।

११. त्यसैले तपाई बाँचे गाउँ बाँच्छ, गाउँ बाँचे देश, देश बाँचे अनि बन्छ समृद्धिको बेस(bass) कोरोना भाइरस महामारि रोकथाममा तपाई हाम्रो सक्रिय सहभागिताको खाँचो छ ।

जगदुल्ला गाउँपालिकाको कार्यालय

माझगाउँ रिमी, डोल्पा

डोल्पोबुद्ध गाउँपालिकाको जरुरी सूचना

विश्व भरी महामारिका रुपमा फैलिएको कोरोना भाइरस अर्थात कोभिड १९ हाल डोल्पामा पनि फैलिइरहेको हुँदा यस महामारिबाट बच्न निम्न उपायहरु अपनाई आफू बचौ र अरुलाई पनि बचाऔं ।

कोरोनाबाट बच्ने उपायहरु

१. अनावश्यक घर वाहिर ननिस्कौं ।

२. आवश्यक काममा निस्कनै परे अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने गरौं ।

३. कुनै पनि सामान छोइसकेपछि हात सावुन पानीले मिचिमिचि धुने गरौं, अथवा गुणस्तरीय सेनीटाइजरको प्रयोग गर्ने गरौं ।

४. कुनै पनि खानेकुरा राम्रोसँग पकाएर मात्र खाने गरौं ।

५. खानेपानी उमालेर वा निर्मलीकरण गरेर मात्र पिउने गरौं ।

६. महामारीको बेलामा तालिम, गोष्ठि, सेमिनार, भोज, भतेर जस्ता भिडभाड हुने कार्य नगरौं ।

७. रुघाखोकी लागेको व्यक्तिबाट कम्तिमा पनि ३ मिटर टाढा बसौं ।

८. अभिवादन गर्दा टाढैबाट नमस्कार गरौं, हात मिलाउने, अंकमाल गर्ने नगरौं ।

९. कोरोना पोजेटिभ भै होम आइसोलेशनमा बस्नुभएका व्यक्तिहरुले सुत्ने कोठा, प्रयोग गर्ने लत्ता कपडा, भाँडाकुँडा, चर्पी लगायतका चिजहरु घरका अन्य सदस्यहरुलाई प्रयोग गर्न नदिनु होला । आफ्नो स्वास्थ्यको स्थिति आफैले निगरानी राख्ने गरौं, स्वास्थ्य स्थितिमा गडबड आएमा तुरुन्तै चिकित्सकहरुसँग सम्पर्क राखौं ।

१०. आफूलाई कोरोनाको लक्षणहरु जस्तै : सुघ्ने शक्ति हराउनु, जिब्रोले खाने कुराको स्वाद नपाउनु, रुघाखोकी लाग्नु, १ सय ४ डिग्री भन्दा माथि ज्वरो आउनु, जिउमा एकदमै थकान महसुस हुनु आदि भएमा चिकित्सकसँग सम्पर्क राखौं र कोरोनाको जाँच गराऔं ।

११. त्यसैले तपाई बाँचे गाउँ बाँच्छ, गाउँ बाँचे देश, देश बाँचे अनि बन्छ समृद्धिको बेस(bass) कोरोना भाइरस महामारि रोकथाममा तपाई हाम्रो सक्रिय सहभागिताको खाँचो छ ।

डोल्पोबुद्ध गाउँपालिकाको कार्यालय

धो, डोल्पा

देउवालाई सत्ता बुझाउने होडबाजी

- मिलन आफन्त

देउवाजस्तो नेपाली इतिहासकै सबै भन्दा दुर्गन्धित र बदनाम कुपात्र, जसलाई जनताले तीन वर्षअघि नै सजाय दिएका थिए, उसलाई कसले पहिला प्रधानमन्त्री बनाउने भन्दै प्रचण्ड र ओलीबीच यस्तो प्रतिस्पर्धा होला भन्ने कुरा कम्युनिस्टहरूले कल्पनासमेत गरेका थिएनन् । पुँजीवादीहरू सधैँ आरोप लगाउने गर्छन्, 'बिग्रेका कम्युनिस्ट र कुहिएको फर्सी एकै हो, वरिपरि बस्नै नसक्ने गरी दुर्घन्ध आउँछ ।

नेपाल कम्युनिस्ट पार्टी (नेकपा) यतिबेलासम्म औपचारिक रूपमा विभाजन भएको छैन । तीन वर्षअघि अर्थात् ०७४ मंसिरमा सम्पन्न आमनिर्वाचनमा जनताले करिब दुईतिहाइ सिटसहित नेपाल कम्युनिस्ट पार्टी नेकपालाई पाँच वर्षमा निम्ति सत्तारूढ बनाएका थिए । तर, नेकपाका लागि ठूलो बहुमतको यो सत्ता कुकुरलाई घिउ नपचेको जस्तै भयो । शेरबहादुर देउवाजस्ता खतम पात्रलाई सत्ता बुझाउन नेकपाका नेताद्वय के पी शर्मा ओली र पुष्पकमल दाहाल प्रचण्डबीच यतिबेला तीव्र प्रतिस्पर्धा छ । देउवालाई सत्ता बुझाउनु नै आफ्नो लागि सबैभन्दा ठूलो विजय हुने ठम्याइमा ओली र देउवा छन् । आफ्ना लागि जनतासँग भोट माग्ने तर चुनाव जितेपछि अर्कैलाई सत्ता बुझाउन लालायित हुने चरित्र ओली र प्रचण्डले प्रस्तुत गरेका छन् । अनैतिकताको यहाँभन्दा घिनलाग्दो पर काष्ठा अर्को हुनै सक्दै सक्दैन ।

नेपालको राजनीति कति तुच्छ ढंगले अघि बढेको रहेछ ? ओली र प्रचण्डले नेपाली जनता तथा सांसदहरूलाई के ठानेका रहेछन् ? भन्ने कुरा बुढानीलकण्ठलाई लक्षित गर्दै भएको लिगलिगे दौडले पुष्टि गर्छ । धत्तेरीका नेपालको राजनीति ? भन्दै जनता पुर्पुरोमा हात लगाएर बसिरहेका छन् । आफूले सत्ता चलाउन नसकेपछि राजनीति छोडिदिए भइहाल्थ्यो, नभए कुनै सुपात्र खोजे पनि हुन्थ्यो, देउवाजस्तो नेपाली इतिहासकै सबैभन्दा दुर्गन्धित र बदनाम कुपात्र, जसलाई जनताले तीन वर्षअघि नै सजाय दिएका थिए, उसलाई कसले पहिला प्रधानमन्त्री बनाउने भन्दै प्रचण्ड र ओलीबीच यस्तो प्रतिस्पर्धा होला भन्ने कुरा कम्युनिस्टहरूले कल्पनासमेत गरेका थिएनन् । पुँजीवादीहरू सधैँ आरोप लगाउने गर्छन्, 'बिग्रेका कम्युनिस्ट र कुहिएको फर्सी एकै हो, वरिपरि बस्नै नसक्ने गरी दुर्घन्ध आउँछ ।' तर, कम्युनिस्ट कार्यकर्ताहरू अझै पनि झिँगाका रूपमा प्रचण्ड र ओलीकै वरिपरि भुनभुनाइरहेका छन् ।

कम्युनिस्ट नैतिकता नै विश्व समाजको सबैभन्दा उत्कृष्ट नैतिक आचरण हो । कम्युनिस्ट नैतिकताले नै समाजलाई उन्नत अनुशासन दिशातिर लानेछ । कम्युनिस्ट नैतिकतालाई पालना गरेर विश्व समाजलाई नैतिकवान बनाउनु हामी सबै विश्ववासीहरूको दायित्व हो । तर, नेपालका कम्युनिस्ट पार्टीहरू कतातिर गइरहेका छन् ? भन्ने प्रश्न ज्यादै पेचिलो छ । जस्तोसुकै विधि प्रयोग गरेर पनि सत्तामा पुग्ने र सत्तामा पुगेपछि भ्रष्टाचार गर्ने, मो जमस्तीमा रमाउने, गरिब वर्गमाथि थप शोषण गर्ने, राज्यको ढुकुटी धनी तथा दलाल पुँजीपतिहरूलाई पोस्ने प्रवृत्ति नेपालका कम्युनिस्ट नेताहरूमा बढेर गएको छ । कम्युनिस्ट पार्टीहरू नाम मात्रैका छन् । सम्पत्ति आर्जन गर्नका लागि अपराधीहरूले संगठन निर्माण गर्ने र त्यस्तो संगठनलाई कम्युनिस्ट नाम दिने सिलसिला तमुलुकमा सुरु भएको होइन ? भन्ने प्रश्न सर्वसाधारणले उठाउन थालेका छन् । मार्क्सले परिकल्पना गरेको कम्युनिस्ट सिद्धान्त र आचार संहिता, लेनिन र माओले निर्माण गरेको कम्युनिस्ट पार्टीको स्प्रिट र हाम्रा मुलुकका कम्युनिस्ट पार्टी तथा कम्युनिस्ट नेताहरूले प्रदर्शन गरेको चरित्रमा आनकोतान फरक देखिएको छ ।

सबैलाई एउटै टोकरीमा राखेर मूल्यांकन गर्न त नमिल्ला वास्तविक कम्युनिस्टहरूको संख्या पनि नेपालमा कम छैन, तर खोटो मुद्राले सक्कली मुद्रालाई विस्थापन गरेजस्तै नक्कली कम्युनिस्टहरूले सक्कली कम्युनिस्टहरूलाई पार्टी संगठनबाट विस्थापित गरिसकेका छन् । यदि, विस्थापित नगरेका हुन्थे भने मुलुकमा जनताले करिब दुईतिहाइ बहुमतका साथ सरकारमा पुऱ्याएको कम्युनिस्ट पार्टी तीन वर्ष बित्दानबित्दै धरासायी भएर कांग्रेसलाई सत्ता बुझाउन बुढानीलकण्ठ धाउने थिएनन् । के गत आमनिर्वाचनमा जनताले नेकपालाई दिएको म्यान्डेड सत्ता बुझाउन बुढानीलकण्ठ धाउनका लागि हो । बेइमानीको यहाँभन्दा ठूलो पराकाष्ठा अरू केही हुन सक्छ ? पाँच वर्ष स्थिर सरकार दिन्छौं भनेर जनतासँग मत माग्ने, तर तीन वर्ष बित्दानबित्दै आपैँ विभाजित हुने अनि जनमत गुमाएर थान्को लागेको कांग्रेसलाई सत्ता बुझाउन बुढानीलकण्ठ को पहिले पुग्ने भन्दै लिगलिगे दौड गर्ने ? देश र जनतामाथि कम्युनिस्टका नाममा भएको बेइमानीको पराकाष्ठा विश्व इतिहासमा ठूलो कलंकित घटनाका रूपमा रहनेछ ।

कम्युनिस्ट आन्दोलनमा लागेका पारखीहरूले अपनाउनुपर्ने नैतिक आचार संहितालाई कम्युनिस्ट नैतिकता भनेर बुझ्नुपर्दछ । हामी कम्युनिसटहरूले थाहा पाउनुपर्ने कुरा यो छ कि कम्युनिज्मतर्फ संक्रमणकालमा समाजको नैतिक सिद्धान्त आधिकारक महत्वपूर्ण हुँदै जान्छ, नैतिक साधनहरूको कार्यक्षेत्र विस्तृत हुँदै जान्छ । हामी कम्युनिस्टहरूको गौरवशाली कम्युनिस्ट पार्टीले पनि कम्युनिस्ट जीवन प्रणालीअनुसार महत्वपूर्ण नियमहरूलाई पुष्टि गर्ने तथा अगाडि बढ्न सहायक हुने नागरिकतासम्बन्धि आत्मानुशासनका सबै सचेत पुरुषहरूलाई प्रोत्साहित गर्दै लानेछ ।

शोषकहरूको वर्ग नैतिकता हामी कम्युनिस्टहरूलाई स्वीकार्य छैन । पुरानो समाजको विकृत, स्वार्थपूर्ण विचारहरू तथा आचरणहरूको विरुद्ध कम्युनिस्टहरू कम्युनिस्ट नैतिकतालाई उन्नत बनाउँछन् । कम्युनिस्ट नैतिकता जुन सबैभन्दा उदात्त तथा सबै भन्दा न्यायसंगत नैतिकता हो, जसले समस्त श्रमिक मानवताको हितहरू तथा आदर्शहरूको प्रतिनिधित्व गर्दछ । नैतिकता र न्यायको मूलभूत मान्यताहरूलाई शोषकहरूको शासन कालमा निर्लज्जतापूर्वक विकृत पारिएको थियो । .....

छार्का ताङसोङ गाउँपालिकाको जरुरी सूचना

विश्व भरी महामारिका रुपमा फैलिएको कोरोना भाइरस अर्थात कोभिड १९ हाल डोल्पामा पनि फैलिइरहेको हुँदा यस महामारिबाट बच्न निम्न उपायहरु अपनाई आफू बची र अरुलाई पनि बचाऔं ।

कोरोनाबाट बच्ने उपायहरु

१. अनावश्यक घर बाहिर ननिस्कौं ।

२. आवश्यक काममा निस्कनै परे अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने गरौं ।

३. कुनै पनि सामान छोइसकेपछि हात साबुन पानीले मिचिमिचि धुने गरौं, अथवा गुणस्तरीय सेनीटाइजरको प्रयोग गर्ने गरौं ।

४. कुनै पनि खानेकुरा राम्रोसँग पकाएर मात्र खाने गरौं ।

५. खानेपानी उमालेर वा निर्मलीकरण गरेर मात्र पिउने गरौं ।

६. महामारीको बेलामा तालिम, गोष्ठि, सेमिनार, भोज, भतेर जस्ता भिडभाड हुने कार्य नगरौं ।

७ रुघाखोकी लागेको व्यक्तिबाट कम्तिमा पनि ३ मिटर टाढा बसौं ।

८. अभिवादन गर्दा टाढैबाट नमस्कार गरौं, हात मिलाउने, अंकमाल गर्ने नगरौं ।

९. कोरोना पोजेटिभ भै होम आइसोलेशनमा बस्नुभएका व्यक्तिहरुले सुत्ने कोठा, प्रयोग गर्ने लत्ता कपडा, भाँडाकुँडा, चर्पी लगायतका चिजहरु घरका अन्य सदस्यहरुलाई प्रयोग गर्न नदिनु होला । आफ्नो स्वास्थ्यको स्थिति आफैले निगरानी राख्ने गरौं, स्वास्थ्य स्थितिमा गडबड आएमा तुरुन्तै चिकित्सकहरुसँग सम्पर्क राखौं ।

१०. आफूलाई कोरोनाको लक्षणहरु जस्तै : सुघ्ने शक्ति हराउनु, जिब्रोले खाने कुराको स्वाद नपाउनु, रुघाखोकी लाग्नु, १ सय ४ डिग्री भन्दा माथि ज्वरो आउनु, जिउमा एकदमै थकान महसुस हुनु आदि भएमा चिकित्सकसँग सम्पर्क राखौं र कोरोनाको जाँच गराऔं ।

११. त्यसैले तपाई बाँचे गाउँ बाँच्छ, गाउँ बाँचे देश, देश बाँचे अनि बन्छ समृद्धिको बेस(bass) कोरोना भाइरस महामारि रोकथाममा तपाई हाम्रो सक्रिय सहभागिताको खाँचो छ ।

छार्का ताङसोङ गाउँपालिकाको कार्यालय

ढुंडगाउँ, डोल्पा

शे फोक्सुण्डो गाउँपालिकाको जरुरी सूचना

विश्व भरी महामारिका रुपमा फैलिएको कोरोना भाइरस अर्थात कोभिड १९ हाल डोल्पामा पनि फैलिइरहेको हुँदा यस महामारिबाट बच्न निम्न उपायहरु अपनाई आफू बची र अरुलाई पनि बचाऔं ।

कोरोनाबाट बच्ने उपायहरु

१. अनावश्यक घर बाहिर ननिस्कौं ।

२. आवश्यक काममा निस्कनै परे अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने गरौं ।

३. कुनै पनि सामान छोइसकेपछि हात साबुन पानीले मिचिमिचि धुने गरौं, अथवा गुणस्तरीय सेनीटाइजरको प्रयोग गर्ने गरौं ।

४. कुनै पनि खानेकुरा राम्रोसँग पकाएर मात्र खाने गरौं ।

५. खानेपानी उमालेर वा निर्मलीकरण गरेर मात्र पिउने गरौं ।

६. महामारीको बेलामा तालिम, गोष्ठि, सेमिनार, भोज, भतेर जस्ता भिडभाड हुने कार्य नगरौं ।

७. रुघाखोकी लागेको व्यक्तिबाट कम्तिमा पनि ३ मिटर टाढा बसौं ।

८. अभिवादन गर्दा टाढैबाट नमस्कार गरौं, हात मिलाउने, अंकमाल गर्ने नगरौं ।

९. कोरोना पोजेटिभ भै होम आइसोलेशनमा बस्नुभएका व्यक्तिहरुले सुत्ने कोठा, प्रयोग गर्ने लत्ता कपडा, भाँडाकुँडा, चर्पी लगायतका चिजहरु घरका अन्य सदस्यहरुलाई प्रयोग गर्न नदिनु होला । आफ्नो स्वास्थ्यको स्थिति आफैले निगरानी राख्ने गरौं, स्वास्थ्य स्थितिमा गडबड आएमा तुरुन्तै चिकित्सकहरुसँग सम्पर्क राखौं ।

१०. आफूलाई कोरोनाको लक्षणहरु जस्तै : सुघ्ने शक्ति हराउनु, जिब्रोले खाने कुराको स्वाद नपाउनु, रुघाखोकी लाग्नु, १ सय ४ डिग्री भन्दा माथि ज्वरो आउनु, जिउमा एकदमै थकान महसुस हुनु आदि भएमा चिकित्सकसँग सम्पर्क राखौं र कोरोनाको जाँच गराऔं ।

११. त्यसैले तपाई बाँचे गाउँ बाँच्छ, गाउँ बाँचे देश, देश बाँचे अनि बन्छ समृद्धिको बेस(bass) कोरोना भाइरस महामारि रोकथाममा तपाई हाम्रो सक्रिय सहभागिताको खाँचो छ ।

शे फोक्सुण्डो गाउँपालिकाको कार्यालय

साल्दाङ, डोल्पा

सुशासन काम हो, बखान होइन

- बाबुकाजी कार्की

भ्रष्टाचार निवारण र सुशासनबारे हरेक सभा-समारोहमा चर्चा र प्रतिबद्धता जाहेर हुनु सामान्य हुँदै गएको छ । भाषणमा प्रतिबद्धता देखिए तापनि व्यवहारमा उदासीनताका कारण भ्रष्टाचार मौलाएको जगजाहेर नै छ । भ्रष्टाचार निवारणको हरेक क्षेत्रमा सुशासनको सुनिश्चितता पहिलो सर्त हो । पारदर्शिता सुशासनको आत्मा हो । स्थायी सरकारको रूपमा मानिएको निजामती सेवालाई चुस्त, दुरुस्त र जवाफदेही बनाउन सकेमा मात्र सुशासनको सुनिश्चितता हुन सक्ने वास्तविकता हो । निजामती प्रशासन सेवामुखीभन्दा सुविधामुखी, परिणामभन्दा प्रक्रियामुखी, जवाफदेही र जिम्मेवारी पन्छाउने, सेवकभन्दा शासक बढी भएको गुनासा सत्यको नजिक छ ।

विद्यमान संविधानले नेपालको सार्वभौमसत्ता नेपाली जनतामा सुनिश्चित गरेको परिप्रेक्ष्यमा देश विकासमा उत्साहजनक जाँगरिलो जनसहभागिता जुटाउन हरेक क्षेत्रमा पारदर्शिता हुनु पहिलो सर्त हो ।

पारदर्शिता, कार्य सम्पादनमा चुस्तता, सामाजिक उत्तरदायित्व र जवाफदेहिता सुशासनको ऐना हो । सुशासन सुनिश्चितताका लागि सङ्घ-संस्थाको हरेक गतिविधिबारे सरोकार पक्षलाई यथेष्ट जानकारी दिएर सबैको सद्भाव, सहयोग र सहकार्य जुटाउँदै विश्वास जित्न पारदर्शिता न्यूनतम सर्त हो । यस वर्ष निजामती सेवा दिवस 'सक्षम निजामती प्रशासन : विकास, समृद्धि र सुशासन' भन्ने नाराका साथ मनाइयो ।

निजामती सेवा दिवस विगतमा जस्तै कर्मकाण्डी मात्र नभई सुधारको सङ्कल्पसहित मनाउन सके मात्र नाराले सार्थकता पाउनेछ । निजामती सेवा दिवसमा प्रदान गरिने पुरस्कार राम्रोलाई भन्दा पनि हाम्रोलाई प्राथमिकता दिएको कारण विवादरहित हुन सकेको छैन । शासन प्रणालीमा नैतिकता, सदाचार, इमानदारिता र चुस्ततामा मात्र पारदर्शिता र सुशासनको प्रत्याभूति सुनिश्चित गर्न सकिन्छ । नेपालको संविधान २०७२ को धारा ५१ ख (४) मा सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा-सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति दिने स्पष्ट प्रावधानको व्यवस्था गरिएको छ ।

सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी तथा जनसहभागितामूलक बनाउने उद्देश्यले सुशासन ऐन २०६४ दफा ३८ को आधारमा सुशासन नियमावलीले केन्द्रीय, क्षेत्रीय, जिल्ला तथा मन्त्रालयस्तरमा समेत अनुगमन तथा मूल्याङ्कन समितिको छुट्टै व्यवस्था गरेको छ ।

सुशासन र पारदर्शितालाई कार्यान्वयनको कसीमा खरो उतार्न सार्वजनिक निकायबाट सञ्चालन हुने योजना, नीति, कार्यक्रम तथा आयोजनाको लक्ष्य, उद्देश्य, बजेट तथा यसबाट प्राप्त नतिजा, प्रतिफल एवम् खर्चबारे सरोकारवालालाई जानकारी गराउने, लेखाजोखा गर्ने र मूल्याङ्कन गर्ने व्यवस्था गरेको छ । यस प्रकारका सार्वजनिक सुनुवाइ तथा सामाजिक परीक्षणलाई तदारुकताका साथ कार्यान्वयनमा उतार्न सकेमा सुशासनको प्रत्याभूतिमा बढोत्तरी हुने वास्तविकता हो । देशको शासन प्रबन्ध स्वच्छ र सही दिशामा निर्दिष्ट छ वा छैन भन्ने कुराको निरन्तर सुपरिवेक्षण र मूल्याङ्कनका लागि जनताले जानकारी पाउनु आवश्यक हुन्छ । नेपालमा अधिकांश सार्वजनिक महत्व र सरोकारका निर्णयहरू प्रायः चाकडी, चाप्लुसी, नातावाद, कृपावाद, पार्टीभित्रको गुटबन्दी र कमिसनको आधारमा हुनु सुशासनका लागि शुभसङ्केत होइन । चाकडीमा र माउने र कमिसनमा कमाउने संस्कार लोकप्रिय बन्दै गएको छ । अधिकांश सार्वजनिक पदको नियुक्ति विशेषज्ञता, वरिष्ठता र योग्यताको आधारमा नभएको गुनासो सत्यताको नजिक छ ।

राजनीतिक नेतृत्वमा नै पारदर्शिताको खडेरी देखिन्छ । सत्तामा पुगिसकेपछि पनि प्रशासनिक सुधारमा निष्पक्षता राजनीतिक आग्रह र पूर्वाग्रहको ग्रहणमा परेको छ । आर्थिक तथा नीतिगत निर्णयका आधारबारे पारदर्शिता सङ्कटमा छ । नेपालको शासन र प्रशासनमा पारदर्शिताको छनक वि.सं. २००७ मा राणाशासनको अन्त्यसँगै भएको पाइन्छ । जसको उदाहरणको रूपमा नेपाल सरकारको आयव्यय विवरण वि.सं. २००८ सालमा पहिलो पटक सार्वजनिक गरिएको थियो । राणाकालमा नियुक्ति, सरुवा बढुवा, पजनीमा हुकुम र आदेशका भरमा आफ्नो स्वार्थअनुकूल गर्नुलाई सामान्य मानिन्थ्यो ।

नेपालमा पारदर्शिताको सिद्धान्त व्यावहारिकताको कसीमा फितलो भएको कारणबाट भ्रष्टाचार र गैर जिम्मेवारीपन मौलाएको छ ।

विगतका पञ्चायत, प्रजातन्त्र तथा लोकतन्त्रकालमा क्रमिक रूपमा सुधार भए पनि पर्याप्त मात्रमा पारदर्शिता विधि र व्यवहारमा आत्मसात् भएको पाइँदैन । प्रशासन मायालेनभई न्यायले चल्ने प्रवृत्ति र प्रविधिको खाँचो निजामती सेवामा खट्किएको पाइन्छ । सुशासनको प्रत्याभूतिका लागि सुशासन ऐनले समन्याय र समावेशीकरण, मानव अधिकारको प्रत्याभूति, पारदर्शिता, वस्तुनिष्ठता, जवाफदेहिता तथा इमान्दारिता, आर्थिक अनुशासन, भ्रष्टाचारमुक्त, चुस्त र जनमुखी प्रशासन, तटस्थता र निष्पक्षता, विकेन्द्रीकरण तथा अधिकार निक्षेपणजस्ता चरित्र निजामती प्रशासनमा हुनुपर्ने प्रस्ट्याएको छ । तर, निजामती सेवाका कतिपय सुन्दर प्रावधान नातावाद, कृपावाद र अवसरवादले कुरूप बनाएको छ । जनता र नागरिक समाजको चेतना र जागरुकताको स्तर जति-जति बढ्दै जान्छ सुशासनको अवलम्बनमा दबाब बढ्दै जाने यथार्थता हो । सुशासन र पारदर्शिता एक-अर्काका परिपूरक हुन । यी दुवैलाई प्रवर्द्धन गर्न सेवाग्राही पनि उत्तिकै चनाखो हुनुपर्दछ । सेवाग्राहीलाई आफ्नो अधिकार र कर्तव्यप्रति सचेत बनाउन सशक्तीकरण गर्न सकिएमा पनि सुशासन र पारदर्शिताको सुनिश्चितामा बल पुग्नेछ । राज्यमा विभिन्न कानुनी निकाय तथा सङ्घ-संस्थाले आफ्नो कामकारबाही सम्पादन गर्दा विद्यमान नीति-नियमलाई आमजनताको हितलाई केन्द्रबिन्दुमा राख्नु नै सुशासनको प्रमुख मर्म हो । दुरुस्त सार्वजनिक सेवा प्रवाह, विधिको शासन, पारदर्शिता, सुदृढ एवम् समृद्ध नागरिक समाज सुशासनका आधारभूत सर्त हुन् ।

अधिकारको प्रयोग गर्ने व्यक्तिले वैधानिकता, उत्तरदायित्व, पारदर्शिता, जनसहभागिता र सेवा अभिमुखीकरणलाई आत्मसात् गर्दै अघि बढ्नुपर्ने हुन्छ । आमजनताका भलाइका लागि गर्नुपर्ने काम र सेवा छिटो, छरितो र सर्वसुलभ रूपमा सम्पन्न गर्नु नै सुशासन हो । सुशासनले सेवाग्राही र सेवा प्रदायकबीच अटल हार्दिकता र विश्वास कायम गर्दछ । सुशासनको प्रवर्द्धन र प्रत्याभूति दिनका लागि नीतिनियमको निर्माणदेखि कार्य सम्पादन तहसम्म पारदर्शिताको संस्कृतिको विशेष महत्व रहन्छ । सरकारले नागरिकको हितर कल्याणका लागि के काम गर्दै छ भन्ने कुरा जान्ने अधिकार सबैमा हुन्छ । पारदर्शिता भनेको सरकारी गतिविधिसम्बन्धी सूचनाको त्यस्तो रूप हो, जसमा राजनीतिकलगायत अन्य सार्वजनिक पदाधिकारीद्वारा गरिने जुनसुकै निर्णय तथा कार्यको सम्बन्धमा सार्वजनिक छलफल र बहस गर्न सकिन्छ । नीतिनियम र कार्यान्वयन उचित ढङ्गबाट भएको छ कि छैन, विद्यमान नीति, नियम र कार्यशैलीलाई जनमुखी र जनकल्याणकारी बनाउन तथा सेवा प्रदायक पदाधिकारीलाई आफ्नो काम-कारबाहीप्रति जवाफदेही र उत्तरदायी बनाउन पारदर्शिताको माध्यमबाट सर्वसाधारणको जनआकाङ्क्षा र जनमत बुझ्न सकिन्छ ।

स्वास्थ्य सेवा कार्यालय डोल्पाको अत्यन्त जरुरी सूचना

विश्व भरी महामारिका रुपमा फैलिइरहेको कोरोना भाइरस कोभिड १९ हाल डोल्पामा पनि दिन २ गुणा रात चौगुणाको रफ्तारमा फैलिइ रहेको हुँदा कोरोना भाइरस कोभिड १९ बाट बच्न निम्न उपायहरु अपनाई आफू बचौ र अरुलाई पनि बचाऔं ।

कोरोनाबाट बच्ने उपायहरु

१. अनावश्यक घर बाहिर ननिस्कौं ।

२. आवश्यक काममा निस्कनै परे अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने गरौं ।

३. कुनै पनि सामान छोइसकेपछि हात साबुन पानीले मिचिमिचि धुने गरौं, अथवा गुणस्तरीय सेनीटाइजरको प्रयोग गर्ने गरौं ।

४. कुनै पनि खानेकुरा राम्रोसँग पकाएर मात्र खाने गरौं ।

५. खानेपानी उमालेर वा निर्मलीकरण गरेर मात्र पिउने गरौं ।

६. महामारीको वेलामा तालिम, गोष्ठि, सेमिनार, भोज, भतेर जस्ता भिडभाड हुने कार्य नगरौं ।

७. रुघाखोकी लागेको व्यक्तिबाट कम्तिमा पनि ३ मिटर टाढा बसौं ।

८. अभिवादन गर्दा टाढैबाट नमस्कार गरौं, हात मिलाउने, अंकमाल गर्ने नगरौं ।

९. कोरोना पोजेटिभ भै होम आइसोलेशनमा बस्नुभएका व्यक्तिहरुले सुत्ने कोठा, प्रयोग गर्ने लत्ता कपडा, भाँडाकुँडा, चर्पी लगायतका चिजहरु घरका अन्य सदस्यहरुलाई प्रयोग गर्न नदिनु होला । आफ्नो स्वास्थ्यको स्थिति आफैले निगरानी राख्ने गरौं, स्वास्थ्य स्थितिमा गडबड आएमा तुरुन्तै चिकित्सकहरुसँग सम्पर्क राखौं ।

१०. आफूलाई कोरोनाको लक्षणहरु जस्तै : सुघ्ने शक्ति हराउनु, जिब्रोले खाने कुराको स्वाद नपाउनु, रुघाखोकी लाग्नु, १ सय ४ डिग्री भन्दा माथि ज्वरो आउनु, जिउमा एकदमै थकान महसुस हुनु आदि भएमा चिकित्सकसँग सम्पर्क राखौं र कोरोनाको जाँच गराऔं ।

११. त्यसैले तपाई बाँचे गाउँ बाँच्छ, गाउँ बाँचे देश, देश बाँचे अनि वन्छ समृद्धिको वेस(bass) कोरोना भाइरस महामारि रोकथाममा तपाई हाम्रो सक्रिय सहभागिताको खाँचो छ ।

स्वास्थ्य सेवा कार्यालय

दुनै, डोल्पा